# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** १२/०८२/०८३

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मितिः** २०८३/०१/१७

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | उपस्थित |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | उपस्थित |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | |
| २० | श्री नरेन्द्र बहादुर राई | कार्यपालिका सदस्य | |
| २१ | श्री सन्तोष मेचे | कार्यपालि पूरका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

**बै.सं. १२/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८३/०१/१७**

**प्रस्ताव नं १ सार्वजनिक/सरकारी सम्पत्तिको संरक्षण ।**

**प्रस्ताव पेश गर्ने शाखाः भूमि प्रशासन शाखा ।**

**प्रस्तावको व्यहोराः** नेपाल सरकारबाट स्वीकृत शासकीय सुधार सम्बन्धि १०० कार्यसूचीको बुँदा नं ९२ मा " सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने ।नयाँ अतिक्रमण कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने " उल्लेख भएको ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाका लागि स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था भएको ।यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. ११६७२ मिति २०८३/०१/१४ को पत्रबाट सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउन, अतिक्रमण हटाउने कार्य अविलम्ब अगाडी बढाउनु हुन र अतिक्रमण हटाउने क्रममा सुरक्षा प्रबन्ध आवश्यक भएमा यथोचित सुरक्षा व्यवस्था मिलाइने व्यहोरा सहित अतिक्रमित जग्गाको विवरण माग भएको सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावका सम्बन्धमा व्यापक छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाका विभिन्न ठाउँमा सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गाहरुलाई अतिक्रमण गरी अनाधिकृत ढंगबाट विभिन्न संरचनाहरु बनेको भन्ने सूचना प्राप्त भएको ।यस सम्बन्धमा यस नगरपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको अतिक्रमणका सम्बन्धमा सबै वडा कार्यालयहरुले नगर कार्यपालिकाको कार्यालयमा थप विवरण उपलब्ध गराउने तथा यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरुको संरक्षणका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. अर्जुनधारा नगरपालिका वडा नं ८ हाल सब्जी बजार रहेको जग्गा नगरपालिकाको स्वामित्वमा रहेको भए पनि हाल त्यहाँ अव्यवस्थित ढंगबाट सब्जी बजार लाग्ने गरेको ।उक्त स्थानमा व्यवसाय गर्ने व्यवसायीहरुले नगरपालिकासँग कुनै पनि किसिमले अनुमति नलिई व्यवसाय गरिरहेको, बस्तीको बिचमा रहेको उक्त ठाउँ हाटबजार लगाउन, खुला पसल व्यवसाय गर्न अनुमति दिन समेत उपयुक्त नरहेको हुनाले नगरपालिकाको उक्त जग्गालाई संरक्षण गर्न त्यस जग्गामा बनेका सबै संरचनाहरुलाई हटाउन १५ दिनको सूचना प्रकाशन गरी जानकारी गराउने ।साथै, शनिश्चरे बजारमा नगरपालिकाको स्वामित्वमा रहेको सरकारी जग्गामा अनाधिकृत ढंगबाट व्यवसाय गर्ने व्यवसायीहरुका लागि नयाँ कृषि बजारमा वैकल्पिक व्यवस्थापन गर्ने ।

२. यस नगरपालिकाबाट शनिश्चरे बजार स्थानान्तरण तथा कृषि बजार स्थापनाका लागि अर्जुनधारा -८ मा स्थायी संरचना निर्माण गरेको भए पनि हालसम्म उक्त संरचनाहरु वहालमा नलागेको हुनाले उक्त संरचनाहरुमा (सटर) वहाल लगाउनका लागि हालका लागि प्रति सटर रु ५००/- वहाल तोकी सटर भाडामा लिन सार्वजनिक सूचना प्रकाशन गर्ने ।उक्त सटरहरु वहालमा लगाउँदा हालको सब्जी बजारमा व्यवसाय गरी बस्ने व्यवसायीहरुलाई प्राथमिकता दिई सटर उपलब्ध गराउने ।उक्त सटरहरु रहेको ठाउँमा पसल व्यवसाय सञ्चलान गर्न कुनै न्यूनतम पूर्वाधार निर्माण गर्नुपर्ने (मर्मत सम्भार, पुरपार लगायत) भएमा नगरपालिकाबाट निर्माण गर्ने ।

३. हाल शनिश्चरे बजारको सडक क्षेत्र भित्र साप्ताहिक हाट बजार लाग्दै आएकोमा बजार क्षेत्रमा अत्यन्त भिडभाड भई कुनै दैवी विपत्ती उत्पन्न भएमा तत्काल विपद प्रतिकार्य सम्बन्धि कार्य गर्न समेत असहज हुने भएको, भिडभाडका कारण सडक दुर्घटनाको जोखिम समेत बढेको हुनाले उक्त साप्ताहिक हाटबजारलाई नयाँ बजारमा तोकिएको क्षेत्रमा सार्ने ।अब उप्रान्त शनिश्चरे बजारका सार्वजनिक क्षेत्रमा अनाधिकृत ढंगबाट ठेलागाडा वा यस्तै संरचनामा व्यवसाय सञ्चालन गर्न निषेध गर्ने ।

४. शनिश्चरे बजारमा हाल सञ्चालनमा रहेका मासु पसलहरुले स्वास्थ्य सम्बन्धि न्यूनतम मापदण्ड ( कालो सिसा, डिपफ्रिज आदि) पालना नगरी खुला ढंगबाट माछामासु विक्री वितरण गर्दै आएको पाइएको र यसले जनस्वास्थ्य प्रतिकूल असर पार्ने भएकाले सबै माछा मासु व्यवसायीलाई तोकिएको मापदण्ड पुरा गरेर मात्र पसल व्यवसाय सञ्चालन गर्न जानकारी गराउने।नगरपालिकाको सूचनालाई अटेर गरी अस्वस्थ ढंगबाट सञ्चालन हुने माछामासु व्यवसाय बन्द गर्ने ।नगरपालिकाबाट व्यवस्थित मासु पसल सञ्चालनका लागि नयाँ कृषि बजारमा न्यूनतम पूर्वाधार सहितको छुट्टै सटरहरु निर्माण गरिएता पनि उक्त मासु पसलका लागि निर्मित संरचना उपभोगमा नआएको हुँदा उक्त सटरमा माछामासु व्यवसाय सञ्चालन गर्न इच्छुक व्यवसायीलाई रु ५००/- मासिक भाडा तोकी सटर भाडामा उपलब्ध गराउने ।त्यस्ता सटरमा माछामासु व्यवसाय गर्ने व्यसायीसँग ५० प्रतिशतको लागत साझेदारीमा माछामासु पसल सञ्चालन सम्बन्धि न्यूनतम मापदण्ड अनुसारको संरचना निर्माण गर्न अनुदान उपलब्ध गराउने ।

५. अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित खुदुनाबारी बजार क्षेत्रमा नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा अनाधिकृत ढंगबाट संरचनाहरु निर्माण गरिएको तथा नगरपालिकाबाट निर्मित संरचनामा अनाधिकृत ढंगबाट बसोवास तथा व्यवसाय गरिरहेको पाइएकाले त्यस्ता संरचनाहरु तथा वडा नं ७ गोसखान क्षेत्रमा रहेको नगरपालिकाको जग्गामा रहेका अनाधिकृत संरचनाहरु १५ दिन भित्र हटाउन सूचना गर्ने ।उक्त अवधिभित्र पनि त्यस्ता संरचनाहरुमा बसोवास गर्ने व्यक्ति तथा पसल व्यवसाय नहटेमा नगरपालिकाबाट हटाउने ।